# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

### सूचना १

वाणिज्य मन्त्रालयका सचिव श्री दामोदरप्रसाद गौतम भारतको नयाँ दिल्लीमा हुने ग्लोबल सिष्टम अफ ट्रेड प्रिफरेन्सको बैठकमा भागलिन त्यसतर्फ जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री अरुणचन्द्र प्रधानलाई मिति २०४२।४।७ देखि कायम मुकायम मुकरर गरेको छ।

### सूचना २

अर्थ मन्त्रालयका सचिव श्री कर्णध्वज अधिकारी दूर संचारसम्बन्धी सम्झौतामा हस्ताक्षर गर्न फ्रान्सतर्फ जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मको लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका विशेष अधिकृत श्री लोकबहादुर श्रेष्ठलाई मिति २०४२।४।१० देखि कायम मुकायम मुकरर गरेको छ।

आज्ञाले,

भोगेन्द्रनाथ रिमाल

श्री ५ को सरकारको मुख्य सचिव

श्री ५ को सरकार

## स्वास्थ्य मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारको मिति २०४१।६।११ को निर्णयानुसार यस मन्त्रालयअन्तर्गत पश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालय, पोखरामा स्थापना गरिएकोले यो सूचना प्रकाशित गरिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार
222